# Library and Information Service National Policy, 2064 (2007)

## 1. Background:

Information materials as well as information have an important role in making all Nepalese people as successful, capable and competitive citizens in the competitive age of the 21st century. In order to ensure and exercise, to the maximum extent, the right to information, out of the fundamental rights conferred by the Constitution, libraries and information centers must be established and operated from the village to the central level with a view to enabling all citizens to have access to such information sources in an easy and simple manner. Research works ought to be carried out continuously for the development of creativeness and technology; and research works can never be carried out in the absence of managed libraries. Traditional and indigenous knowledge, skills and technologies should be protected and promoted for the holistic development of the society, for which the library is a string means. The effective library and information service is a sine qua non even for encouragement to creators as well as publishers and distributors, for development of the culture of doing study throughout the life and for quality education.

There are around 1200 national, public, educational and special libraries, in addition to school libraries, in the country. Even updated data about the contribution rendered by these libraries at the national level as well as scientifically updated data about these libraries are not available. Necessary provisions should, therefore, be made in this respect.

It has become indispensable to make effective the informal education for the abolition of illiteracy while making literate people able to use knowledge, skills and timely information, to get the youths of the country to involve in literacy programs which are beneficial for the alleviation of poverty and to establish the right to education and information while consolidating the formal education in such a manner that all children have access to quality education.

In tune with the governmental commitment to provide education for all by 2015, this Library and Information Service National Policy, 2064 (2007) has been framed with a view to establishing and effectively operating libraries and information centers at the local bodies to have each citizen informed through required knowledge and information, for providing information to all within that period.

## 2. Long-term vision:

The long-term vision of the Library and Information Service National Policy is to build a well-cultured, modern and enhanced society with competitive capacity, by

bringing about simplicity on the access to knowledge-based information and educational materials through libraries and information centers.

## 3. Objectives:

The objective of the Library and Information Service National policy, 2064(2007) shall be as follows:

3.1 To consolidate the Nepal National Library and thematic/subject-wise central libraries in order to collect materials of cultural heritages and knowledge at the local level and protect them at the central level for the promotion of traditional and indigenous knowledge, skills and technology;

3.2 To establish and operate public/community libraries, also in collaboration with governmental organizations, in such a manner as to be proved contributive to the earning of livelihoods by each person belong to any castes, class, community and carrying on any business and service, through pursuing business/profession according to his or her own knowledge, intellect and wisdom, without discrimination of any kind;

3.3 To ensure the right to information, promote and develop information literacy, build the knowledge-based society by using the available information technology and develop the book writing and reading culture;

3.4 To establish and operate educational libraries and research centers from the school level to the higher level and research libraries in the industrial enterprises, so as to enhance the quality of education and render contribution to the development of creativeness and technology.

## 4. Strategies:

The following strategies shall be pursued in order to achieve the objectives set forth in paragraph 3:

4.1 To provide for a separate Act relating to the library and information technology for the operation, management, monitoring and evaluation of all libraries and information center systems;

4.2 To consolidate the Nepal National Library as a national library encompassing all aspects;

4.3 To develop central libraries based on the specialization of subject-wise libraries of various disciplines in order to render national and international services;

4.4 To provide for libraries from the school level to the university level by developing the subject-wise libraries and central libraries, university level libraries as academic libraries and local level libraries as community libraries;

4.5 To establish libraries and information centers in the abroad based Nepalese embassies and missions in order to introduce the culture and civilization of Nepal to the international arena;

4.6 To build requisite infrastructures for the public/community libraries and information centers from the village to the center, established or to be established with the prevailing law of Nepal, for the operation of appropriate information and educational materials in a systematic manner for the fulfillment of the information requirement of each citizen;

4.7 To encourage for the operation of various kinds of creative, educational and informative programs through public libraries in order to develop the culture of reading throughout the life;

4.8 To keep on disseminating the right to information for each citizen by building the knowledge and information based society through public/community libraries;

4.9 To make requisite infrastructures in libraries and information centers in such a manner as to facilitate even those who are physically incapacitated, and make collection of reading materials and provide services;

4.10 To provide for speeches, symposia, exhibitions, letters of honor and prizes on the published works in order to encourage creators to publishers, book sellers and readers, as well;

4.11 To encourage and promote the libraries established and operated by the private sector ;

4.12 To encourage and promote the establishment of libraries on the language of the nation for the evolution and development and the language of the nation;

4.13 To provide for educational materials, capable human resources and required budget for the provision by libraries of service which is timely, qualitative and in consonance with international standards;

4.14 To carry out teaching of library and information science from proficiency certificate level to the master's level in universities for the development of professional human resources;

4.15 To encourage the bodies related with the research and development works to utilize, to the fullest extent, the materials available in libraries and information centers;

4.16 To take special initiative to enhance the capacity of libraries and information centers by well equipping them with developed information technology;

4.17 To allocate separate budget at the central level and the local level for the development of libraries.

## 5. Working policies:

The following working policies shall be pursued in order to achieve the strategies referred to in paragraph 4:

To form a permanent library and information service development board for providing necessary assistance by effectively monitoring and evaluating the libraries and information technology throughout the country;

To develop subject/thematic libraries such as agriculture, science and technology, medical sciences libraries as central libraries;

To establish and operate regional libraries under the national library in order to provide library and information service to each citizen in a prompt, efficient and reliable manner;

To render support for the building, expansion and effective use of various kinds of information sources such as national *Bangmaya* index, subject-wise *Bangmaya* index, union list of serials, union catalogue etc.;

Nepal National Library is to act as a higher body of all community and public libraries operated in Nepal;

To have an Act providing for the storage of publications, with provisions that publications published within Nepal must be provided to Nepal National Library and other two specific libraries for the collection of intellectual heritage;

To make provisions for the involvement of the concerned persons in programs such as national and international symposia, seminars and trainings;

To set aside necessary amount in the education budget allocated for the development of public libraries and include library development tax in the taxes to be levied at the local level.

## 6. Public libraries;

The following acts shall be carried out in relation to public libraries in order to achieve the policies set forth in this policy:

6.1 To have public libraries operated and managed by the local bodies in order to develop public libraries as a social educational institution, while making public libraries as an integral part of the society;

6.2 To manage the existing libraries at each local body so as to make the program "education for all by 2015" a success, and keep on establishing community/public/children libraries in those places where library is not available;

6.3 To encourage the local communities and social organizations for the establishment, operation and sustainable development of public libraries;

6.4 To encourage professional organizations related with library and information science to conduct short term training programs, by being affiliated with the concerned body of the Government of Nepal, with a view to generating human resources as required for the operation of libraries;

6.5 The departmental libraries concerned are to make provision to bring down information materials published by the Government of Nepal to the community libraries and information centers through the district level bodies;

6.6 The prescribed district level public libraries are to operate mobile library services in rural and remote places where transportation is difficult;

6.7 To encourage the establishment and development of digital and virtual libraries keeping in mind the development of modern information and communication technology;

6.8 Local bodies are to allocate necessary budget for the establishment of libraries and information centers or community resource centers.

## 7. Knowledge-based society building and right to information:

The following acts shall be carried out in relation to the knowledge-based society building and right to information:

7.1 To make or conduct publicity, conferences, symposia, speeches etc. order to enhance the use of libraries;

7.2 To support the professional organizations related with library and information science for their capacity building so as to enhance the capacity of the library service provider engaged in the field of library and information science;

7.3 To fix standards by carrying out periodic evaluation of the services, collections and contributions of the libraries and information service centers;

7.4 To regularly conduct awareness programs relating to library for users in order to have maximum utilization of the libraries of all levels and types;

7.5 To provide libraries and information centers with concession on telephone service in order to ease the access to electronic information technology at the local level.

## 8. Educational and research libraries:

The following acts shall be carried out in relation to the educational and research libraries:

8.1 To incorporate the library service, too, in the minimum physical infrastructures while granting permission to open schools even from the primary level;

8.2 To take the use of library as a part of teaching programs;

8.3 To conduct teaching and learning of library and information science from the proficiency certificate level to the master's level at universities for the development of professional human resources;

8.4 Schools, colleges and universities are to allocate a certain percentage (5 to 10 percent) of their total budget for the management and development of libraries;

8.5 To encourage research institutes and industrial enterprises producing various materials and goods to establish specific libraries and information centers;

8.6 To well equip libraries and information centers with modern information technologies (such as computer, email, internet, digital information, C.D. Rom);

8.7 To encourage libraries and information centers to have maximum utilization of information and communication technologies.

# पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति, २०६४

## १. पृष्ठभूमि :

एक्काईसौं शताव्दीको प्रतिस्पर्धी युगमा आम नेपालीलाई सफल, सक्षम र प्रतिस्पर्धी नागरिकको रुपमा सक्षम बनाउन ज्ञान सामग्रीहरुका साथै सूचनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । संविधान प्रदत्त मौलिक हकहरुमध्ये सूचनाको हकलाई सुनिश्चित गरी अधिकतम रुपमा उपभोग गर्नको लागि आम नागरिकहरुले सहज र सरल रुपमा त्यस्ता सूचना स्रोतमा पंहुच पु¥याउन पुस्तकालय र सूचना केन्द्रहरु गाउँस्तरदेखि केन्द्रस्तरसम्म अनिवार्य रुपमा स्थापना र सञ्चालन भएको हुनुपर्दछ र व्यवस्थित पुस्तकालयहरुको अभावमा अनुसन्धान कार्यहरु हुनसक्दैन । समाजको सर्वाङ्गीण विकासको लागि परम्परागत तथा मौलिक ज्ञान, सीप र प्रविधिहरुको संरक्षण र प्रवर्द्धन हुनु पर्दछ जसको लागि पुस्तकालय एक सशक्त माध्यम हो स्रष्टादेखि प्रकाशक र वितरकहरुलाई प्रोत्साहन गर्न र जीवनपर्यन्त अध्ययन गर्ने संस्कृतिको विकास गर्न तथा गुणस्तरीय शिक्षाको लागि पनि पुस्तकालय तथा सूचना सेवा प्रभावकारी हुनु अनिवार्य हुन्छ ।

देशमा विद्यालय पुस्तकालय वाहेक करिव १२०० राष्ट्रिय, सार्वजनिक, शैक्षिक, विशेष पुस्तकालयहरु सञ्चालनमा रहेका र यी पुस्तकालयहरुले राष्ट्रियस्तरमा दिएका योगदानबारे र यिनीहरुको वैज्ञानिक ढंगको अद्यावधिक तथ्यांक समेत उपलव्ध नभएकोले सो सम्वन्धमा आवश्यक व्यवस्था गर्नुपर्ने हुन्छ ।

साक्षरहरुलाई ज्ञान, सीप एवं समसामयिक सूचनाको उपयोग गर्न सक्ने बनाउदै निरक्षता उन्मूलनका लागि अनौपचारिक शिक्षालाई प्रभावकारी तुल्याउन र गरिबी निवारणका लागि उपयोगी हुने साक्षरता कार्यक्रममा देशका युवाहरुलाई सरिक गराउनु एवं सम्पूर्ण बालबालिकाहरुलाई गुणस्तरीय शिक्षाको पहुँच हुने गरी औपचारिक शिक्षालाई सुदृढ गर्दै शिक्षा र सूचनालाई अधिकारका रुपमा स्थापित गर्नु अनिवार्य भएको छ ।

सन् २०१५ सम्म सवैका लागि शिक्षा प्रदान गर्ने सरकारी प्रतिबद्धता भए जस्तै सोही अवधिभित्र सवैको लागि सूचना प्रदान गर्न प्रत्येक नागरिकलाई आवश्यक पर्ने ज्ञान र सूचनावाट सुसूचित गराउन स्थानीय निकायहरुमा पुस्तकालय तथा सूचना केन्द्रको स्थापना र प्रभावकारीरुपमा संचालन गर्न यो 'पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति, २०६४' तर्जुमा गरिएको छ ।

## २. दीर्घकालीन अवधारणा :

पुस्तकालय तथा सूचना केन्द्रको माध्यमद्वारा ज्ञानमा आधारित सूचना तथा शैक्षिक सामग्रीहरुको पहूँचमा सरलता ल्याई नेपाली समाजको सशक्तीकरण र सुदृढीकरण गरी सुसंस्कृत, आधुनिक एवं प्रतिस्पर्धात्मक क्षमतायुक्त समुन्नत समाजका निर्माण गर्ने पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीतिको दीर्घकालिन अवधारणा रहेको छ ।

## ३. उद्देश्य :

पुस्तकालय तथा सूचना सेवा राष्ट्रिय नीति, २०६४ को उद्देश्य देहाय वमोजिम हुनेछः

३.१ परम्परागत तथा मौलिक ज्ञान, सीप र प्रविधिको प्रवर्द्धन गर्न स्थानीयतहमा रहेका सांस्कृतिक सम्पदा तथा ज्ञानका सामग्रीहरुको संकलन गरी राष्ट्रियस्तरमा संरक्षण गर्न नेपाल राष्ट्रिय पुस्तकालय तथा विधागत केन्द्रीय पुस्तकालयहरुको सुदृढीकरण गर्ने ।

३.२ विभिन्न जाति, वर्ग, समुदाय, व्यवसाय र सेवामा कार्यरत सबैलाई विना भेदभाव आ-आफ्नो ज्ञान, बुद्धि र विवेक अनुसार व्यवसाय/पेशा अवलम्वन गरी जीविकोपार्जन गर्नमा सहयोगी सिद्ध हुने गरी सरकारी तथा गैर सरकारी संस्थाहरुको साझेदारीमा समेत सार्वजनिक/सामुदायिक पुस्तकालयहरु स्थापना र सञ्चालन गर्ने,

३.३ सूचनाको हकको अधिकार सुनिश्चित गरी सूचना साक्षरताको प्रवर्द्धन र विकास गर्ने तथा उपलव्ध सूचना प्रविधिको उपभोग गरी ज्ञानमा आधारित समाजको निर्माण गर्ने र पुस्तक लेखन र पठनको संस्कृतिको विकास गर्ने,

३.४ शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्न, सिर्जनशीलता र प्रविधि विकासमा सहयोग पुऱ्याउन विद्यालयतहदेखि उच्च तहसम्म शैक्षिक पुस्तकालय र अनुसन्धान केन्द्रहरु तथा औद्योगिक प्रतिष्ठानहरुमा अनुसन्धान पुस्तकालयहरु स्थापना र सञ्चालन गर्ने ।

## ४. रणनीति :

प्रकरण ३ मा उल्लिखित उद्देश्य हासिल गर्न देहाय बमोजिमका रणनीति अख्तियार गरिनेछ :

४.१ सम्पूर्ण पुस्तकालय तथा सूचना केन्द्र प्रणालीको सुसंचालन, व्यवस्थापन, अनुगमन तथा मूल्यांकन गर्न पुस्तकालय तथा सूचना प्रणालीसित सम्वन्धित छुट्टै ऐनको व्यवस्था गर्ने,

४.२ नेपाल राष्ट्रिय पुस्तकालयलाई एउटा समग्र पक्षको राष्ट्रिय पुस्तकालयको रुपमा सुदृढीकरण गर्ने,

४.३ राष्ट्रिय र अन्तर्राष्ट्रिय सेवा प्रदान गर्न विभिन्न विषयका विधागत पुस्तकालयहरुको विशिष्टीकरणका आधारमा केन्द्रीय पुस्तकालय विकसित गर्ने,

४.४ विधागत पुस्तकालयलाई केन्द्रीय पुस्तकालय, विश्वविद्यालयस्तरीय पुस्तकालयलाई प्राज्ञिक पुस्तकालय र स्थानीयस्तरका पुस्तकालयलाई सामुदायिक पुस्तकालयको रुपमा विकास गरी विद्यालयतहदेखि विश्वविद्यालयसम्म पुस्तकालयको व्यवस्था गर्ने,

४.५ नेपालको संस्कृति र सभ्यतालाई अन्तर्राष्ट्रियस्तरमा समेत पहिचान गराउन विदेशस्थित नेपाली राजदूतावास एवं नियोगहरुमा पुस्तकालय तथा सूचना केन्द्रको स्थापना गर्ने,

४.६ प्रत्येक नागरिकको सूचनाको आवश्यकता परिपूर्ति गर्न उपयुक्त सूचना तथा शैक्षिक सामग्रीहरुको व्यवस्थित ढङ्गबाट सञ्चालन गर्न प्रचलित नेपाल कानुनअनुसार स्थापना गरिएका र गरिने गाउँखि केन्द्रसम्मको सार्वजनिक/सामुदायिक पुस्तकालय तथा सूचना केन्द्रहरुको लागि उपयुक्त पूर्वाधार निर्माण गर्ने,

४.७ जीवनपर्यन्त अध्ययन गर्ने संस्कृतिको विकास गर्न विभिन्न प्रकारका रचनात्मक, शिक्षामूलक तथा सूचनामूलक कार्यक्रमहरु सार्वजनिक पुस्तकालयहरुको माध्यमबाट सञ्चालन गर्न प्रोत्साहन गर्ने,

४.८ सार्वजनिक/सामुदायिक पुस्तकालयहरुको माध्यमद्वारा ज्ञान र सूचनामा आधारित समाजको निर्माण गरी सूचनाको हक सवै नागरिकलाई निरन्तर रुपमा प्रवाह गर्ने,

४.९ शारीरिक रुपमा असक्तहरुका लागि समेत सहज पहुँच पुग्ने गरी पुस्तकालय तथा सूचना केन्द्रहरुमा आवश्यक पूर्वाधार तयार गरी पठन सामग्रीहरुको संकलन तथा सेवा प्रदान गर्ने,

४.१० स्रष्टादेखि प्रकाशक, पुस्तक विक्रेता र पाठकहरुलाई प्रोत्साहन गर्नका लागि प्रकाशित कृतिहरुको वारेमा प्रवचन, गोष्ठी, प्रदर्शनी, कदरपत्र एवं पुरस्कारको व्यवस्था गर्ने,

४.११ निजीस्तरमा स्थापना भई सञ्चालित पुस्तकालयहरुलाइ प्रोत्साहन र प्रवर्द्धन गर्ने,

४.१२ राष्ट्रभाषाको उत्थान र विकासका लागि राष्ट्रभाषाका पुस्तकालयहरु स्थापना गर्न प्रोत्साहन र प्रेरित गर्ने,

४.१३ पुस्तकालयहरुमा समय सापेक्ष गुणस्तरीय र अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको सेवा दिन शैक्षिक सामग्रीहरु, दक्ष जनशक्ति तथा आवश्यक बजेटको व्यवस्था गर्ने,

४.१४ व्यवसायिक जनशक्ति विकासको लागि विश्वविद्यालयमा प्रवीणता प्रमाणपत्र तहदेखि स्नातकोत्तर तहसम्म पुस्तकालय तथा सूचना विज्ञानको पठनपाठन सञ्चालन गर्ने,

४.१५ पुस्तकालय र सूचना केन्द्रहरुमा उपलव्ध सामग्रीहरुको भरपूर उपयोग गर्न अनुसन्धान र विकास निर्माण कार्यसित समवन्धित निकायहरुलाई प्रोत्साहित गर्ने,

४.१६ पुस्तकालय र सूचना केन्द्रहरुलाई विकसित सूचना प्रविधिबाट सुसज्जित गराई क्षमता बृद्धि गराउने तर्फ विशेष पहल गर्ने,

४.१७ पुस्तकालय विकासका लागि केन्दीयस्तर तथा स्थानीयस्तरमा छुट्टै रकम विनियोजन गर्ने,

## ५. कार्यनीति :

प्रकरण ४ वमोजिमको रणनीति हासिल गर्न देहाय वमोजिमका कार्यनीति अपनाइनेछ :

५.१ देशभरिका पुस्कालय तथा सूचना  प्रणालीको प्रभावकारी रुपमा अनुगमन र मूल्याकंन गरी आवश्यक सहयोग प्रदान गर्न एउटा स्थायी पुस्तकालय तथा सूचना सेवा विकास वोर्डको गठन गर्ने,

५.२ विधागत पुस्ततकालयहरु जस्तै कृषि, विज्ञान तथा प्रविधि, चिकित्सा पुस्तकालयहरुलाई केन्द्रीय पुस्तकालयको रुपमा विकसित गर्ने,

५.३ प्रत्येक नागरिकलाई छिटो, छरितो र भरपर्दो तरिकाबाट पुस्तकालय तथा सूचना सेवा प्रदान गर्न राष्ट्रिय पुस्तकालय अन्तर्गत क्षेत्रीय पुस्तकालयहरुको स्थापना तथा सञ्चालन गर्ने,

५.४ विभिन्न किसिमका सूचना स्रोतहरु जस्तै राष्ट्रिय वाङ्मय सूची, विषयगत वाङ्मय सूची, यूनियन लिष्ट अफ सिरियल्स, यूनियन क्याटलग, आदिको निर्माण, विस्तार र प्रभावकारी प्रयोगको लागि टेवा पुऱ्याइने,

५.५ नेपाल राष्ट्रिय पुस्तकालयले नेपालमा सञ्चालित सवै सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरुको उच्च निकायको रुपमा काम गर्ने,

५.६ बौद्धिक सम्पदाको संकलन र संरक्षणको लागि नेपाल राष्ट्रिय पुस्तकालय र अन्य विशिष्ट दुई पुस्तकालयहरुमा अनिवार्य रुपले नेपालभित्र प्रकाशित प्रकाशनहरु उपलव्ध गराउने व्यवस्थाको लागि प्रकाशनहरुको संचय गर्ने ऐनको व्यवस्था गर्ने,

५.७ मन्त्रालय र विभागहरुमा अनिवार्य रुपमा पुस्तकालय तथा सूचना केन्द्रको स्थापना गरी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी, सेमिनार, तालिम आदि कार्यक्रममा सम्वन्धित व्यक्तिलाई सहभागी गराउने व्यवस्था गर्ने,

५.८ सार्वजनिक पुस्तकालय विकासको लागि विनियोजित शिक्षा बजेटमा आवश्यक रकम छुट्याउने र स्थानीयस्तरमा लगाइने करहरुमा पुस्तकालय विकास कर समावेश गर्ने,

## ६. सार्वजनिक पुस्तकालय :

यस नीति वमोजिमको उद्देश्य हासिल गर्न सार्वजनिक पुस्तकालयका सम्वन्धमा देहाय वमोजिमका कार्य गरिनेछ :

६.१ सार्वजनिक पुस्तकालयलाई समाजको अभिन्न अंगको रुपमा लिई सामाजिक शैक्षिक संस्थाको रुपमा विकास गर्न स्थानीय निकायबाट सञ्चालन तथा व्यवस्थापन गर्नेः

६.२ सन् २०१५ सम्म सबैका लागि शिक्षा कार्यक्रमलाई सफल बनाउन प्रत्येक स्थानीय निकायमा मौजुदा पुस्तकालयहरुलाई व्यवस्थित गर्ने र नभएका स्थानमा सामुदायिक/सार्वजनिक/बाल पुस्तकालय स्थापना गर्दै जाने,

६.३ सार्वजनिक पुस्तकालयको स्थापना, सञ्चालन र दिगो विकासको लागि स्थानीय समुदाय र सामाजिक संस्थाहरुलाई प्रोत्साहन गर्ने,

६.४ पुस्तकालय सञ्चालनको लागि आवश्यक जनशक्ति निर्माण गर्न नेपाल सरकारको सम्वन्धित निकायसंग सम्वन्धन लिई पुस्तकालय तथा सूचना विज्ञानसंग सम्वन्धित पेशागत संघ संस्थाहरुलाई छोटो अवधिको तालिम कार्यक्रमहरु सञ्चालन गर्न प्रोत्साहन गर्ने,

६.५ नेपाल सरकारद्वारा प्रकाशित सूचना सामग्रीहरु सम्बन्धित विभागीय पुस्तकालयहरुले जिल्लास्तरीय निकायमार्फत सामुदायिक पुस्तकालय तथा सूचना केन्द्रसम्म पुऱ्याउने व्यवस्था गर्ने,

६.६ ग्रामीण र कठिन यातायात भएका दुर्गम स्थानहरुमा तोकिएका जिल्लास्तरीय सार्वजनिक पुस्तकालयहरुले घुम्ती पुस्तकालय सेवा सञ्चालन गर्ने,

६.७ आधुनिक सूचना तथा संचार प्रविधिको विकासलाई धयानमा राखी डिजिटल तथा भर्जुअल (Virtual) पुस्तकालय स्थापना र विकास गर्न प्रोत्साहन गर्ने,

६.८ स्थानीय निकायहरुले पुस्तकालय तथा सूचना केन्द्र वा सामुदायिक स्रोत केन्द्र स्थापना गर्न आवशयक बजेट विनियोजन गर्ने,

## ७ ज्ञानमा आधारित समाजको निर्माण र सूचनाको हक :

ज्ञानमा आधारित समाजको निर्माण र सूचनाको हक सम्वन्धमा देहाय वमोजिमको कार्य गरिनेछ :

७.१ पुस्तकालयहरुको उपयोगमा अभिबृद्धि गर्न प्रचार प्रसार, सम्मेलन, गोष्ठी, प्रवचन आदिको संञ्चालन गर्ने,

७.२ पुस्तकालय तथा सूचना सेवा  क्षेत्रमा कार्यरत पुस्तकालयसेवीहरुको क्षमता अभिवृद्धि गर्न पुस्तकालय तथा सूचना विज्ञानसंग सम्बन्धित पेशागत संघ संस्थाहरुलाई क्षमता अभिबृद्धि गर्ने कार्यको लागि सहयोग गर्ने,

७.३ पुस्तकालय तथा सूचना सेवा केन्द्रहरुको सेवा,  संग्रह र योगदानको आवधिक रुपमा मूल्यांकन गरी स्तर निर्धारण गर्ने,

७.४ सबै तह र प्रकारका पुस्तकालयहरुलाई अधिकतम उपयोगमा ल्याउन प्रयोगकर्ताहरुका लागि पुस्तकालयसम्वन्धी चेतनामूलक कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्ने,

७.५ ग्रामीणस्तरसम्म विद्युतीय सूचना प्रविधिको पहुंच सहज बनाउन पुस्तकालय तथा सूचना केन्द्रहरुलाई टेलिफोन सेवामा सहुलियत दिने ।

## ८. शैक्षिक तथा अनुसन्धान पुस्तकालय :

शैक्षिक तथा अनुसन्धान पुस्तकालय सम्बन्धमा देहायवमोजिमको कार्य गरिनेछ :

८.१ प्राथमिक तहदेखि नै विद्यालय खोल्ने स्वीकृति दिँदा न्यूनतम भौतिक पूर्वाधारमा पुस्तकालय सेवालाई पनि समावेश गर्ने,

८.२ पुस्तकालयको प्रयोगलाई शैक्षणिक कार्यक्रमको एक अंगको रुपमा लिने,

८.३ व्यावसायिक जनशक्ति विकासको लागि विश्वविद्यालयमा प्रविणता प्रमाणपत्र तहदेखि स्नातकोत्तर तहसम्म पुस्तकालय तथा सूचना विज्ञानको पठनपाठन सञ्चालन गर्ने,

८.४ विद्यालय, महाविद्यालय र विश्वविद्यालयले आफ्नो संस्थाको कूल बजेटको निश्चित प्रतिशत (५देखि १० प्रतिशत) पुस्तकालय व्यवस्थापन र विकासको लागि विनियोजन गर्ने,

८.५ अनुसन्धान संस्था र विभिन्न विषय तथा वस्तु उपादन गर्ने औद्योगिक प्रतिष्ठानलाई विशिष्ट पुस्तकालय तथा सूचना केन्द्रहरुको स्थापनाको लागि प्रोत्साहन गर्ने,

८.६ पुस्तकालय तथा सूचना केन्द्रहरुलाई आधुनिक सूचना प्रविधिहरु (जस्तै कम्प्यूटर, इमेल, इन्टरनेट, डिजिटल इन्फरमेशन, सी डि रोम) बाट सुसज्जित गर्ने,

८.७ पुस्तकालय तथा सूचना सेवा केन्द्रहरुलाई सूचना तथा सञ्चार  प्रविधिको अधिकतम प्रयोग गर्न प्रोत्साहन गर्ने,